गैडहवा गाँउपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

विषणुपुरा रुपन्देही

लुम्बिनी प्रदेश

प.स. ०८०/०८१

च नं २८१४

मिति २०८१।०३।२६

श्री सम्पूर्ण सामुदायिक, संस्थागत तथा धार्मिक विद्यालयहरु
गैडहवा गाउँपालिका, रुपन्देही ।

विषयः IEMIS मा विवरण अद्यावधिक गर्ने सम्बन्धमा ।

प्रस्तुत विषय सम्बन्धमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरको च. नं. ९९ मिति २०८१।०३।२४ को पत्रानुसार शैक्षिक सत्र २०८१ को विद्यालयको सम्पूर्ण विवरणहरु मिति २०८१ असार १५ गते भित्र भरिसक्नु पर्ने भनी सूचना गरेकोमा हाल सम्म पनि केही विद्यालयले विवरण अद्यावधिक नगरेकोले मिति २०८१ श्रावण ७ गते भित्र अद्यावधिक गर्न भनी सूचना भएको साथै आफ्नो विद्यालयबाट अर्को विद्यालयमा स्थानान्तरण भएका विद्यार्थी स्थानान्तरण (Transfer) गर्नुपर्नेमा हाल सम्म पनि विद्यार्थी स्थानान्तरण (Transfer) नगरेको पाईएकोले त्यस किसिमका विद्यार्थी यही असार मसान्त भित्र अनिवार्य रुपमा विद्यार्थी भर्ना भएकै विद्यालयमा स्थानान्तरण (Transfer) गर्नुहुन साथै वैकल्पिक शिक्षा प्रणालीबाट भर्ना हुन आएका, विदेशी नागरिकका सन्तति तथा देश बाहिरबाट अध्ययन गरी भर्ना हुन आएका, बिचमा कक्षा छोडी भर्ना हुन आएका विद्यार्थीहरुको विवरण IEMIS को Student Record Button ( Student Information) मा रहेको Add Button मा गई सम्बन्धित कक्षामा विद्यार्थी Add गर्नुहुन निर्देशन सहित अनुरोध छ । साथै तोकिएको मिति भित्र विद्यालय, शिक्षक तथा विद्यार्थीको सम्पूर्ण विवरण अद्यावधिक नगर्ने र विद्यार्थी transfer नगर्ने विद्यालयहरु विवरण अद्यावधिक नगरेका कारण पछि विद्यालयलाई पर्न जाने असर प्रति स्वयं आफै जिम्मेवार र जवाफदेही हुने व्यहोरा जानकारी गराईन्छ।

.......................
(श्रीप्रसाद गौतम)
प्रमुख प्रशासकीय अधिकृत

श्रीप्रसाद गौतम
प्रमुख प्रशासकीय अधिकृत